खण्ड: ६ सङ्ख्या: २ मिति: २०७९।०६।०७

महाभारत गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ६ सङ्ख्या: १ मिति: २०७९।०६।०७

**महाभारत गाउँपालिका**

## महाभारत गाउँपालिकाको विद्युत मिटरबक्स वितरण सम्बन्धी कार्यविधि, २०७९ को मस्यौदा

**प्रस्तावना :**

भौगोलक रुपमा विकट तथा आर्थिक रुपमा विपन्न क्षेत्रको रुपमा रहेको यस महाभारत गाउँपालिकामा केन्द्रीय विधुत प्रसारणलाई सहज, मितव्ययी तथा व्यवस्थित गर्न महाभारत गाउँपालिकाबाट यहाँका ग्राहकहरुलाई अनुदान उपलब्ध गराउन वाञ्छनीय भएकोले महाभारत गाउँपालिकाकाको प्रशासकीय कार्यविधि नियमन गर्ने ऐन ,२०७४ को दफा ४ कार्यान्वयन प्रयोजनार्थ महाभारत गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**उद्देश्य :-**

महाभारत गा.पा.को भौगोलिक विकटता, गरिबीको रेखामुनी रहेका असहाय तथा विपद्बाट पीडित पक्षलाई मध्यनजर गरी विद्युतको पहुँचबाट बञ्चितीमा परेका जनसमूदायलाई आधारभूत

आवश्यकताको रुपमा रहेको विद्युतको सहज आपूर्ति गराई साना तथा घरेलु उद्योगहरु सञ्चालन गरी जीवन स्तर उकास्नु ।

## परिच्छेद – एक
## सङ्क्षिप्त नाम र प्रारम्भ

(१) सङ्क्षिप्त नाम :- यस कार्यविधीको नाम ***महाभारत गाउँपालिकाको विद्युत मिटर वितरण अनुदान व्यवस्थापन कार्यविधि २०७९*** रहनेछ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद – दुई
## परिभाषा :

विषय वा प्रसङगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क) **अनुदान व्यवस्थापन कोष** :- महाभारत गाउँपालिकाको विनियोजन ऐन, २०७९ बमोजिम महाभारत गाउँपालिकामा स्थापित अनुदान विविध खर्च खाता बुझिनेछ ।

(ख) **कार्यविधि** भन्नाले महाभारत गाउँपालिकाको विद्युत मिटर वितरण अनुदान व्यवस्थापन कार्यविधि, २०७९ लाई बुझाउने छ ।

(ग) व्यवस्थापन समिति :- भन्नाले विधुत मिटर अनुदान व्यवस्थापन कार्यविधि, २०७९ सञ्चालन समितिलाई बुझाउँछ ।

(घ) गा.पा. भन्नाले :- महाभारत गाँउपालिकाको कार्यालय, देविटारलाई जनाउँछ ।

## परिच्छेद – तीन
## व्यवस्थापन समिति गठन

(१) विधुत मिटर वितरण अनुदान व्यवस्थापन कार्यविधि,२०७९ को सञ्चालन तथा आवश्यक नीति, निर्माण तथा निर्देशनका लागि

देहाय बमोजिमका सदस्य रहने गरी एक सञ्चालन समिति रहनेछ ।

(१) गाँउपालिका अध्यक्ष – संयोजक
(२) गाँउपालिका उपाध्यक्ष – सदस्य
३) वडा अध्यक्षहरु - सदस्य
(४) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
५) लेखा शाखा प्रतिनिधि सदस्य
६) योजना तथा प्रशासन शाखा सदस्य सचिव

आवश्यकता परेमा अनुदान व्यवस्थापन समितिको बैठकमा अन्य विशेषज्ञ तथा सरोकारवालाहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

## समितिको काम कर्तव्य र अधिकार

- गाँउपालिका अनुदान व्यवस्थापन कोषको व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थाको लागि राजश्व परामर्श समितिसँग पहल गर्ने ।
- गाँउपालिका अनुदान व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी गाँउ सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।
- अनुदान वितरणको लागि आवश्यक कागजातहरु र तथ्याङ्क सङ्कलन गरी समितिले अनुगमन गर्नुका साथै अनुदानको कार्यक्रम लागु गर्ने ।
- अनुदान वितरण कार्यलाई सरल, सहज, मितव्ययी तथा प्रभावकारी गराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने ।

## परिच्छेद–चार
## समितिको बैठक

### गणपूरक सङ्ख्याः

(१) समितिको बैठक बस्ने प्रयोजनका लागि ५० प्रतिशत+१ सदस्यलाई गणपूरक सङ्ख्या मानिनेछ । तर आपतकालीन अवस्थामा अध्यक्षले अनुदान सहजकिरणको लागि सिधै निर्देशन गर्न सक्नेछ ।

२) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

(३) यस समितिका पदाधिकारीहरुलाई बैठक बसेको दिन गा.पा.का पदाधिकारीले पाए सरह बैठक भत्ताको व्यवस्था हुनेछ ।

## परिच्छेद–पाँच
## कोषको स्थापना र सञ्चालन

(१) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) महाभारत गा.पा.बाट वार्षिक रुपमा अनुदान व्यवस्थापनको लागि विनियोजन भएको रकम ।

(ख) नेपाल विद्युत प्राधिकरणबाट केन्द्रीय विद्युत प्रसारणको लागि विशेष क्षेत्रको लागि प्राप्त हुन सक्ने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त हुन सक्ने सहयोग ।

(घ) अन्य स्रोत

(२) कोषको सञ्चालन :

क) यस कोषको रकम गाँउपालिकाको विविध खर्च खातामा जम्मा गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ अनुसार खर्च गरिनेछ ।

ख) कोषमा जम्मा भएको रकम :- यस कोषमा जम्मा भएको रकम अनुदान व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन । अनुदान व्यवस्थापनको लागि प्रत्येक घरधुरीलाई विधुत प्राधिकरणले मिटर खरीदको लागि तोकेको आवश्यक रकम मध्ये **रु १,०००** रुपैया अनुदान स्वरुप प्रदान गरिने छ ।

ग) ग्राहकहरुले पालिकाबाट प्राप्त गर्ने अनुदान रकम बाहेक अतिरिक्त शुल्क पालिकाको विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ ।

ग्राहकहरुलाई पालिकाबाट उपलब्ध गराउने अनुदान रकमको लागि अनुसूची १ बमोजिम आवश्यक कागजातहरु सहित निवेदन पेश गर्नुपर्नेछ ।

घ) ग्राहकहरुबाट प्राप्त निवेदन उपर आवश्यक कागजातहरुको जाँच गरी नेपाल विधुत प्राधिकरणलाई पालिकाबाट प्रत्येक घरधुरीको नामावली सहित मिटर खरिद वापतको रकम एकमुष्ट भुक्तानी गरी मिटर वितरणको व्यवस्था मिलाइनेछ ।

(ङ) लेखा परीक्षण: यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट तथा अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

(च) खाता सञ्चालन : यस कोषको खाता सञ्चालन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम हुनेछ ।

## परिच्छेद – छ
## अनुगमन तथा प्रतिवेदन सम्वन्धमा :

(१) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि गाँउकार्यपालिका बाट अनुगमन गरिनेछ ।

(२) यो कार्यविधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाँउ कार्यपालिकामा पेस गरिनेछ ।

## परिच्छेद – सात
## संशोधन तथा परिमार्जन सम्वन्धमा :

(१) गाँउपालिका अनुदान व्यवस्थापन कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउकार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ । यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा " महाभारत गाउँपालिकाकाको प्रशासकीय कार्यविधि नियमन गर्ने ऐन,२०७४", " *आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७* " को नियम तथा अन्य

प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म खारेज हुनेछ ।

अनुसूची १

परिच्छेद ५ को दफा २ को ग सँग सम्बन्धित
अनुदान माग सम्बन्धी निवेदनको ढाँचा

मिति :

श्री कार्यालय प्रमुख ज्यू
महाभारत गाउँपालिका,देवीटार काभ्रे ।

विषय : अनुदान माग सम्बन्धमा ।

प्रस्तुत विषय महाभारत गाउँपालिकाको विधुत मिटर वितरण अनुदान कार्यक्रम मार्फत नेपाल विधुत प्राधिकरणबाट मिटर खरीद गर्न मन्जुरीनामा तथा प्रतिबद्धता सहित अनुदान मागको लागि यो निवेदन पेश गर्दछु ।

निवेदकको नाम ,थर :
स्थायी ठेगाना :
नागरिकताको प्रमाण पत्र नं.:
जग्गा धनी प्रमाण पत्र नं. :
बाबुको/आमा/पतिको नाम थर :
**द्रष्टव्य** : निवेदनको साथमा पेश गर्नुपर्ने कागजातहरु :

वडा कार्यालयको एकमुष्ट नामावली विवरण सहित सिफारिस नेपाल विद्युत प्राधिकरणमा पेश गरेको आवेदन फारामको ......प्रतिलिपि
निवेदक

...................
हस्ताक्षर

आज्ञाले

हरि सिंह विष्ट

प्रमुख प्रशासकीय अधिकृत